२२३५/४३६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २६९/०७३/७४
निर्णय नं. ४३६

**जिल्ला दोलखा,** सुन्द्रावती निबासी फबिन्द्रराज ज्ञवाली समेत ........................................ २१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री नेपाल वेदविद्याश्रम, वनकाली, काठमाडौं ................................१
सूचना अधिकारी, श्री नेपाल वेदविद्याश्रम, वनकाली, काठमाडौं ................................१ } विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला दोलखा, सुन्द्रावती निबासी फबिन्द्रराज ज्ञवाली समेतले श्री नेपाल वेदविद्याश्रम, वनकाली, काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१०।०६ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्री नेपाल वेदविद्याश्रम, वनकाली, काठमाडौंको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. नेपाल वेदविद्याश्रममा कार्यरत अस्थायी/करारमा कार्यरत शिक्षक/कर्मचारीलाई स्थायीत्व गर्नेसम्बन्धी यथार्थ सूचना ।
२. नेपाल वेदविद्याश्रमभित्र करार सेवामा कार्यरत शिक्षक तथा कर्मचारीहरु स्थायी सेवामा प्रवेश भएपछि सो करार सेवाको अबधि स्थायी सेवाभित्र गणना हुनेसम्बन्धी विद्यमान ऐन कानूनको प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल माघ १८ गते रोज ३ शुभम् ।